ओपन माईक नेपाल बुलेटिनको बीसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम एवं स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरू मार्फत समुदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल



## नाम्दु, दोलखा

"सरकारले जाडोको लागि भनेर १० हजार दिने भनेर निर्णय गरेको छ रे। यो पनि २ लाख दिने हल्ला जस्तै हो कि ?"

## जिवनपूर, धादिङ

"अब फेरि १० हजार आउँछ रे। यसरी नै बिभिन्न नाममा चान्केचुन्के गर्दै ७ हजार, १५ हजार, १० हजार गर्दै पैसा बाँड्ने, जनताले खाँदै सक्ने र सरकारले पनि सक्कियो भनेर घर कहिल्यै नबन्ने त हैन ?"

## माङ्खा, सिन्धुपाल्चोक

"सरकारले पीडितहरूलाई जाडोको लागि आवश्यक कपडा तथा ओढ्ने ओछ्याउने सामाग्रीहरू वितरणको तयारी गरेको तर नाकाबन्दीले गर्दा रोकिएको भन्ने हल्ला छ।"

# जवाफ

सरकारले भूकम्पका कारण घर पूर्ण रुपमा क्षति भएका प्रत्येक परिवारलाई जाडोको कपडा किन्न सहयोग स्वरुप रु. १० हजार उपलब्ध गराउने घोषणा गरेको छ।

यसरी उपलब्ध गराइने सहयोग घर निर्माणमा सरकारले दिने भनेको रु. २ लाखबाट कट्टा हुँदैन।

सरकारले रु. १० हजार मंसिर महिनाभित्र वितरण गर्ने जानकारी दिएको छ। जिल्ला दैविप्रकोप उद्दार समितिले यो रकम स्थानीय निकाय मार्फत वितरण गर्नेछ।

सरकारसँगको समन्वयमा आवास उपसमिति अन्तरगत काम गरिरहेका संघ संस्थाले १५ सय मिटर भन्दा माथिका जोखिममा रहेका भूकम्प-पिडित परिवारलाई जाडोको सामग्री वा सो बराबरको नगद वितरण गरिरहेका छन्।

जाडोका सामग्रीको प्याकेजमा टोपी, ज्याकेट लगायतका न्यानो लुगा; डस्ना, फोम, म्याट जस्ता विछ्यौनाका सामग्रीहरू; र त्रिपाल, फोम लगायत चिसो छेक्ने सामग्री हुनेछन्। दुई हजार मिटर भन्दा माथिका बस्तीका लागि सुधारिएको चुलो र सोलार बती पनि हुनेछन्।

यातायातको समस्याका कारणले जाडोका सामग्री खरिद गरी वितरण गर्नमा ढिलाई भएको र कतिपय अवस्थामा निर्धारित कार्यक्रम रद्द गर्न गर्नुपरेको जानकारी दिइएको छ।

सञ्जिव हाडा
आवास उपसमिति संयोजक
९८५१०४७०७१

# सवाल



## साँगाचोक, सिन्धुपाल्चोक

"स्थायी आवासको लागि सरकारले २ लाख दिने पक्का भएको हल्ला छ। स्थायी आवास निर्माणमा २ लाखले नपुगे संघ संस्थाहरूले दिने भन्ने सुनिएको छ।"

## कुम्पूर, धादिङ

"सरकारले १५ लाख रुपैयाँ प्रति घर परिवारलाई ऋण दिने भनेको समाचारहरूमा आइरहेका कारण आफूहरू ऋण रकम कहिले आउँछ भनेर कुरिरहेका छौँ।"

## गोटिखेल, ललितपूर

"यहाँका स्थानीयबासीहरू सरकारले दिने भनेको २ प्रतिशत व्याजको ऋण पाइने अपेक्षामा छन्।"

## भिमफेदी, मकवनपूर

"कोहि सरकारले २ लाख दिन्छ भन्दै आउँछन्। कोहि दिन्न, जनताले हुलदङ्गा गर्लान् भनेर दिन्छौँ दिन्छौँ भनेको हो भन्दै आउँछन्। कुरा के हो ?"

# जवाफ

भूकम्पका कारण घर पूर्ण रुपमा क्षति भएका परिवारलाई रु. २ लाख वा घर निर्माणको लागत मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने सरकारको योजना छ।

सरकारले सहयोगको पहिलो किस्ता तुरुन्तै वितरण गर्ने घोषणा गरेको छ। तर, कहिलेबाट वितरण शुरु हुन्छ भन्ने यकिन भएको भने छैन।

यो अनुदान एक प्रकारको सहयोग हो। यसले घर निर्माणको लागत पुरै बेहोर्न नपुग्न सक्छ। नपुगेमा थप खर्च परिवार आफैँले जुटाउनु पर्छ।

कुनै संघसंस्थाले घर बनाउन सहयोग गरेमा सरकारले दिने सहयोग नपाइने कुरा सरकारी कार्यविधिमा उल्लेख छ।

सरकारले भूकम्प-प्रभावित परिवारलाई दुई किसिमको ऋण उपलब्ध गराउने योजना बनाएको छ। सरकारले विपन्न र सिमान्तकृत परिवारका लागि सामुहिक जमानीमा रु. ३ लाख सम्मको सहुलियत ऋण उपलब्ध गराउने घोषणा गरेको छ। यो रकम अनुदानको रु. २ लाखमा थप हो।

यो ऋण उपलब्ध गराउने कार्यविधि हालसम्म तयार भएको छैन।

अर्को, सरकारले पहिले नै घोषणा गरे अनुसार ग्रामीण क्षेत्रका प्रभावित परवारले रु. १५ लाखसम्म र शहरी क्षेत्रका परिवारले रु.२५ लाखसम्म २ प्रतिशतको सहुलियत व्याजमा घर कर्जा लिन सक्छन्। तर, यो ऋण लिने परिवारले रु. २ लाखको सरकारी अनुदान पाउँदैनन्।

नेपाल राष्ट्र बैंकले दोस्रो किसिमको ऋण प्रवाहका लागि कार्यविधि जारी गरिसकेको छ। ऋण प्राप्त गर्नका लागि कहिलेबाट आवेदन लिइन्छ भन्ने जानकारी नजिकको बैक तथा वितीय संस्थाबाट लिनुहोस्।

गोपीनाथ मैनाली
सहसचिव
राष्ट्रिय योजना आयोग
०१-४२११११३६

# हल्ला



## गोरखा बजार, गोरखा

"आफ्नो योजनामा भूकम्प प्रतिरोधी घर बनाए सरकारी राहत पाइँदैन भन्ने हल्ला छ। "

## सिमजुङ, गोरखा

"सरकारले नक्सा दिएपछि मात्र स्थायी आवास निर्माण गर्न पाइने हल्ला आएको छ। "

## जिवनपूर, धादिङ

"भवन निर्माण कार्यालयले भूकम्पपछि पुर्ननिर्माणका लागि घरको नक्सा तयार बनाएको छ रे तर हाम्रो गाउँमा उपयुक्त हुने किसिमको कुनै पनि नक्सा छैन भन्छन्। "

# यथार्थ

शहरी विकास मन्त्रालयले भर्खरै ग्रामिण भेगका लागि भूकम्प प्रतिरोधी घरका विभिन्न डिजाइन सार्वजनिक गरेको छ। यी डिजाइनहरु स्थानीय निकायहरुमा छिटै औपचारिक रुपमा पठाइने छ।

गाउँ विकास समिति (गाविस) र नगरपालिकामा यी डिजाइन उपलब्ध भएपछि परिवारले उपलब्ध डिजाइन मध्ये कुनै एउटा नमुना छानेर घर बनाउने स्वीकृतिका लागि आवेदन दिन सक्छन्। सबै गाविसमा नक्सापास गर्ने व्यवस्था भइसकेको छैन।

परिवारले सरकारको डिजाइनको सट्टा इन्जिनियरिङ काउन्सीलबाट मान्यता प्राप्त इन्जिनियरबाट घरको डिजाइन बनाएर घर निर्माणको स्वीकृतिका लागि आवेदन दिन सक्छन्।

पछिल्लो अनुदान सम्बन्धि कार्यविधिमा इन्जिनियरबाट नक्सा बनाएर सोहि अनुसार आफैँ घर बनाएमा सरकारको अनुदान पाइने वा नपाइने बारेमा केहि उल्लेख गरिएको छैन।

पदम कुमार मैनाली
प्रवक्ता
शहरी विकास मन्त्रालय
९८५१००५२१९
०१-४२११९६९

# सवाल



## कमलामाई, सिन्धुली

"यहाँ भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्न महिलाहरुलाई पनि तालिम दिने रे भन्ने हल्ला सुनेको थिएँ।"

# जवाफ

सरकारले भूकम्पपछिको पुनर्निर्माणका लागि प्रभावित १४ जिल्लामा ५० हजार जनालाई तालिम दिने लक्ष्य राखेको छ। डकर्मी, सिकर्मी, प्ल्मबर, इलेक्ट्रिसियन लगायतका तालिमहरुमा महिला र पुरुष दुवै सहभागि हुन सक्छन्।

तालिम सञ्चालन गर्ने संघ संस्थाले तालिममा महिलालाई प्राथमिकता दिन सक्छन्।

प्लान, सीआरएस, कारितास, सेस्भी लगायतका संघ संस्थाहरुले प्रभावित जिल्लाहरुमा भूकम्प प्रतिरोधी घर निर्माणको तालिम महिला समेतलाई दिन शुरु गरेका छन्। तर, ती तालिम महिलाहरुकै लागि लक्षित गरिएका भने छैनन्।

सिन्धुली जिल्लाका केहि ठाउँमा कसर्न वर्ल्डवाइड, र नेपाल रेडक्रस सोसाइटी जस्ता संस्थाले पुनर्निर्माणका तालिम दिएका छन्।

गैरसरकारी संघ संस्थाहरुले भवन निर्माण विभागले निर्धारण गरेको तालिम निर्देशिकाको आधारमा जिल्लामा रहेका भवन डिभिजन कार्यालय तथा स्थानीय निकायसँगको समन्वयमा तालिम सञ्चालन गर्छन्।

तपाईं त्यस्ता तालिमबारे थप जानकारी लिन वा सहभागि हुन चाहनुहुन्छ भने जिल्लाको भवन डिभिजन कार्यालय, नगरपालिका वा गाविसमा सम्पर्क गर्नुहोस्।

तालिम सञ्चालन गर्ने संघ संस्थाहरुले स्थानीय रेडियोबाट पनि तालिमको जानकारी दिन्छन्। त्यसैले, रेडियोबाट त्यस्ता तालिमको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ।

जिनेव भाव
सूचना व्यवस्थापन अधिकृत
आवास उपसमिति
९८१०१७३९६३

दिपक ढकाल
नेपाल रेडक्रस सोसाइटी
सिन्धुली
०४७-५२०१२०

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। मंसिर १ गतेदेखि १० गतेसम्म १३ जिल्लाका करिब ४५० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू
accountabilitylab
Local Interventions Group data·driven development
Internews

# सवाल

## महादेवस्थान, काभ्रेपलाञ्चोक

“हरियो वन नेपालको धन भन्ने पनि भूकम्पपछि अत्याधिक मात्रामा वन फडानी भएकाले समस्या बढेको छ।”

## गोकर्णेश्वर, काठमाडौँ

“गैरकानुनी रुपमा काठ काटेर बेच्ने क्रम बढ्दो छ। यसले गर्दा जंगल फडानी बढेको छ भने पहिरोको जोखिम पनि बढेको छ।”



# जवाफ

काठ र दाउराको आवश्यकता पुरा गर्न वन ऐन र त्यसैका आधारमा बनेको सामूदायिक वनको विधान तथा कार्ययोजना अनुसार वनको पर्यावरण नबिग्रने गरी आवश्यक प्रक्रिया पुरा गरेर मात्र रुख काट्न सकिन्छ।

वन उपभोक्ता समितिले नियमानुसार नभई जथाभावी रुख काटेको वा गैरकानुनी रुपमा काठ काटेर विक्रि वितरण गरेको सूचना जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोक र काठमाडौँमा नआएको जानकारी दिएका छन्। तर, इन्धन अभाव लगायतको कारणले काठको चोरी निकासी हुन नदिन प्रहरीले निगरानी बढाएको छ।

अस्थायी वा स्थायी आवास निर्माणका लागि सकेसम्म भूकम्पले भत्किएका घरको नकुहिएका काठको र निजी वनको प्रयोग गर्नुपर्छ। राष्ट्रिय वन र सामूदायिक वनलाई सकेसम्म भार पार्न हुँदैन।

वन फडानी रोक्न घर निर्माण गर्दा उपलब्ध भएसम्म फलाम, आलुमुनियमको प्रयोग गर्ने र काठको न्यूनतम खपत गर्ने गर्नुपर्छ।

दाउराका लागि भत्किएका घरका काठपात र बाँस प्रयोग गर्न सकिन्छ। सुधारिएको चुल्हो जस्ता काठको न्यूनतम खपत हुने विकल्पको प्रयोग गर्न पनि सकिन्छ।

सामूदायिक वनको विधान र कार्ययोजना तथा वन ऐन विपरित रुख काटेको र काठ बेचेको पाइएमा वा शंका लागेमा जिल्ला वन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुहोस्।

प्रेम खनाल
प्रमूख जिल्ला वन अधिकृत
काभ्रेपलाञ्चोक
०११-६६४७१४

पुष्पा खड्का
जिल्ला वन कार्यालय
काठमाडौँ
०१-४४४४९४८